# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ति

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा र वीरगञ्ज उद्योग वाणिज्य संघका प्रतिनिधिहरूबीच कात्तिक २२ गते बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा भेटघाट सम्पन्न भयो ।

भेटका अवसरमा संघका तर्फबाट गभर्नर डा. खतिवडासमक्ष संघका अध्यक्ष श्री अशोककुमार टेमानीले वीरगञ्ज क्षेत्रको उद्योग, वाणिज्य तथा वित्तीय स्थितिको अवस्था र ती क्षेत्रको सुधारमा नेपाल राष्ट्र बैंकबाट हुनसक्ने योगदान लगायतका विषय समेटिएको ज्ञापनपत्र प्रस्तुत गर्नुभएको थियो ।



संघले प्रस्तुत गरेका विविध विषयमा प्रतिक्रिया व्यक्त गर्दै गभर्नर डा. खतिवडाले तरलता सहज स्थितिमा रहेकाले बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको व्याजदर क्रमशः घटाउँदै लैजानु पर्ने बताउनुभयो । वाणिज्य बैंकहरूको कर्जा र निक्षेपको व्याजदर अन्तर ४ प्रतिशतको हाराहारीमा रहेको उल्लेख गर्दै उहाँले यो भन्दा कम स्प्रेड दरमा कारोबार सञ्चालन गर्न बैंकहरूले प्रयास गर्नु पर्ने बताउनुभयो ।

प्रतीतपत्र कारोबारलाई विश्वसनीय र व्यवस्थित बनाउन बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई वृहत तालिम आवश्यक रहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले नक्कली प्रज्ञापन पत्र बढ्न थालेको जानकारी आइरहेकोले सक्कली वा नक्कली प्रज्ञापन पत्र पहिचान गर्ने स्वचालित प्रणालीको विकास गर्नु पर्ने आवश्यकता औंल्याउनुभयो ।

भारु लगायतको विदेशी मुद्राको सञ्चिति पर्याप्त रहेको बताउँदै उहाँले भारु नगद भुक्तानी सरल बनाइएको भए तापनि प्रयोजन खुलाएर मात्र भारु नगद भुक्तानी दिने कार्यलाई निरन्तरता दिइएको बताउनुभयो ।

गभर्नर डा. खतिवडा समक्ष संघले विद्युतीय भुक्तानी प्रणाली, सम्पत्ति शुद्धीकरणको असर, प्रज्ञापनपत्रको समस्या, सटही काउन्टरको व्यवस्था, नगद भारुको व्यवस्था लगायत विषयमा सुधार गर्नु पर्ने १५ वटा बुँदा समावेश रहेको ज्ञापनपत्र पेश गरेको थियो ।

गभर्नरको कार्यालय